# जयपृथ्वी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
चैनपुर, बझाङ
सुदूरपश्चिम प्रदेश, नेपाल

पत्र संख्याः २०८०/०८१
च.नः

मिति : २०८०/०९/०६

**सेवा करारमा कर्मचारी पदपूर्ति गर्ने सम्बन्धी सूचना**
**(प्रथम पटक प्रकाशित मिति २०८० । ०९ । ०६ गते)**

संयूक्त राष्ट्रसंघीय जनसंख्या कोष (युएनएफपीए) र आईपास नेपालसँगको सम्झौतामा मानसिक स्वास्थ्य तथा परामर्श केन्द्र (सीएमसी) नेपाल लगायत अन्य संस्थाहरुको साझेदारी र जयपृथ्वी नगरपालिकासँगको सहकार्यमा "लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्य परियोजना" दोस्रो चरण सञ्चालनका लागि परियोजनाका साझेदार संस्थाहरू र यस जयपृथ्वी नगरपालिका, बझाङ्ग बीच भएको सम्झौता बमोजिम यस नगरपालिकाका सबै वडाहरुमा उक्त कार्यक्रम सञ्चालन भैरहेको छ । यस नगरपालिका अन्तरगत जिल्ला अस्पतालमा आधारित एकद्वार संकट व्यवस्थापन केन्द्र (ओसिएमसि) मा मामला व्यवस्थापक पदका लागि करार सेवामा पदपुर्ति गर्नु पर्ने भएकोले देहायको योग्यता पुगेका ईच्छुक नेपाली महिलाले jpmunicipality2014@gmail.com वा जयपृथ्वी नगरपालिकाको कार्यालय चैनपुर बझाङ्गमा यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र (उक्त दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट) कार्यालय समय भित्र यस नगरपालिकाको राष्ट्रिय बाणिज्य बैंक शाखा कार्यालय चैनपुर बझाङ्गमा रहेको हिसाव नं.४११०१००३०१०१०००४ मा जम्मा गरेको सक्कल भौचर वा यस नगरपालिकाको राजश्व शाखामा रु. ५०० अक्षेरुपी पाँच सय मात्र बुझाएको सक्कल भौचर र आवश्यक कागजातहरु सहित दरखास्त पेश गर्न यो सूचना प्रकाशित गरिएको छ

**पदसंख्या : मामला व्यवस्थापक - १ जना (महिला)**

**योग्यता र अनुभव :**

- **न्यूनतम क्षैशिक योग्ताः** स्नातक तह उर्तिण गरी मनोसामाजिक मनोपरामर्शकर्ताको ६ महिने तालिम लिई लैंगिक हिंसाको क्षेत्रमा २ वर्षको कार्य अनुभव भएको ।
- समुदायमा लैङ्गिक तथा घरेलु हिंसा प्रभावित महिलाहरुलाई मनोसामाजिक सहयोग तथा परामर्श गरि प्रभावकारी रुपमा केस व्यवस्थापन गर्न सक्ने सिप भएको ।
- प्रतिवेदन लेखन, तथ्याकं/जानकारी संकलन, संचार, संयोजन र सहजीकरणको आवश्यक सीप भएको ।
- कम्प्यूटर सम्बन्धि राम्रो ज्ञान भएको ।
- आफुले मनोपरामर्श सेवा दिएका सेवाग्राहीहरुको केस फाईल, सेसन नोट लगायत अन्य सम्पूर्ण जानकारीहरु संकलन गरी ती विवरणहरु गोपनियताका साथ राख्ने सीप भएको ।
- स्थानीय सरकार तथा न्यायिक समिति, एकद्धार संकट व्यवस्थापन केन्द्र, सुरक्षित आवास गृह सञ्चालन गरेका संस्था, अन्य सेवाप्रदायक निकायहरु तथा सहयोगी संघसस्थाहरुसँग समवन्य तथा कार्यगत सम्वन्ध राख्न सक्ने हुनुपर्ने ।
- पिछडिएको समुदायको र विवाहित महिला उम्मेदवारलाई प्राथमिकता दिईनेछ ।
- दरखास्त दिने अन्तिम मिति सम्ममा २१ वर्ष उमेर पुरा भई ४० वर्ष ननाघेको ।

**पेश गर्नु पर्ने आवश्यक प्रमाणपत्र तथा कागजातहरु :**

- नेपाली नागरिकताको प्रतिलिपि एक थान ।
- न्यूनतम शैक्षिक योग्यताको प्रतिलिपि १, १ थान ।
- वाञ्छनीय तालिम प्रमाणपत्र, योग्यता तथा अनुभवका प्रतिलिपि १ थान ।
- पासपोर्ट साइजको फोटो २ प्रति ।
- व्यक्तिगत विवरण (बायोडाटा)



CamScanner

# जयपृथ्वी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

चैनपुर, बझाङ
सुदूरपश्चिम प्रदेश, नेपाल

पत्र संख्याः २०८०/०८१
च.नः

- **दरखास्त फाराम उपलब्ध हुने** : जयपृथ्वी नगरपालिका कार्यालयको प्रशासन शाखा र www.jayaprithvimun.gov.np
- **दरखास्त पेश गर्नुपर्ने स्थान** : जयपृथ्वी नगरपालिका कार्यालय प्रशासन शाखा वा jpmunicipality2014@gmail.com
- **सम्पर्क मोबाइल नं.** : ९८४८९७५२३०, ९८५८४८८५३५
- **काम गर्नुपर्ने स्थान** : एकद्वार संकट व्यवस्थापन केन्द्र जिल्ला अस्पताल बझाङ्ग र परियोजना लागु भएको स्थानीय तह
- **सेवा सुविधा** : परियोजना र यस नगरपालिका बीच भएको सम्झौता अनुसार
- **अन्तिम मितिः** २०८० पौष २० गते शुक्रबार कार्यालय समय भित्र
- **सम्पर्क मितिः** २०८० पौष २३ गते
- **परीक्षा मितिः** सम्पर्क मितिका दिन तोकिनेछ ।
- **परीक्षाको किसिमः** लिखित, प्रयोगात्मक परिक्षा, कम्प्युटर सीप परीक्षण तथा अन्तरवार्ता (लैंगिक हिंसा रोकथाम तथा मनोपरामर्श सम्वन्धी विषयबस्तुमा आधारित
- **कामको मूख्य जिम्मेवारीः**
  - लैङ्गिक हिंसा प्रभावित व्यक्तिहरुलाई एकद्धार संकट व्यवस्थापन केन्द्र मार्फत स्वास्थ्य उपचार, कानुनी सहयोग, सुरक्षित आवास, मनोपरामर्श सेवा लगायत अन्य आवश्यकीय सेवा प्रदान गर्ने काममा सम्वन्धित निकायहरुसँग आवश्यक समन्वय गरी सहयोग गर्ने ।
  - लैङ्गिक हिंसाको कारणले मनोसामाजिक समस्या भएका व्यक्ति तथा परिवारका सदस्यहरुलाई एकद्धार संकट व्यवस्थापन केन्द्र तथा आवश्यकता अनुसार समुदायस्तरमा नै गएर मनोपरामर्श सेवा उपलब्ध गराउने ।
  - सी.एम.सी नेपालले सञ्चालन गर्ने तालिम तथा मनोसामाजिक विज्ञद्वारा जिल्लामा गरिने सुपरभिजन कार्यक्रममा अनिवार्य सहभागी भई मनोसामाजिक सहयोग तथा मनोपरामर्शको वारेमा ज्ञान, सीप सिकी लैङ्गिक हिंसा पीडित तथा प्रभावितहरुमा देखा पर्न सक्ने मनोसामाजिक समस्याहरुमा प्रभावकारी मनोपरामर्श सेवा दिने ।
  - लैङ्गिक हिंसावाट पीडित देखिएको मनोसामाजिक तथा मानसिक समस्या एकद्धार संकट व्यवस्थापन केन्द्रवाट मात्रै सम्भव नभएमा जिल्ला अस्पतालमा उपलब्ध हुने मानसिक रोग विशेषज्ञको सेवाको लागि पीडित तथा प्रभावित व्यक्तिहरुलाई प्रेशण गर्ने ।
  - पहिचान गरिएको केशको बिस्तृत मनोसामाजिक आयामहरु समेटी पूर्ण केश विश्लेषण तयार गर्ने र विस्तृत केश फाईल वनाएर उक्त अभिलेख एकद्धार संकट व्यवस्थापन केन्द्रमा सुरक्षित ढंगले राख्ने । यस्तो केन्द्रबाट उपलब्ध गराईएको सवै खालको सेवा र मनोपरामर्श सेवाको विवरण नियमित हिसावले सी.एम.सी. नेपाल र यू.एन.एफ.पी.ए. को अन्य साझेदार संस्थालाई आवश्यकता अनुसार उपलब्ध गराउने ।

**पुनश्च** : सूचनामा उल्लेख भए वाहेकका अन्य विषयमा मामला व्यवस्थापक पदपूर्ति समितिले निर्धारण गरे वमोजिम हुनेछ र उक्त समितिको निर्णय अन्तिम हुने छ ।

२०८०/०९/०६ गते

पदपूर्ति समिति संयोजक



CamScanner